**प्रश्न नं. २५**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्वितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. २९२८ देखि ३०४९ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

शुरेश कुमार हायुको जाहेरीले नेपाल सरकार

विरुद्ध

जिल्ला सुनसरी धरान नगरपालिका वडा नं. १४ बस्ने मनोज कार्की र विकेश तामाङ्ग

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. मृतकको टाउकोमा वायाँपट्टी चोट लागी काटिएको र सोही ठाउंवाट रगत वगेको भन्ने समेत व्यहोराको २०७६।०८।०४ गतेको लास जाँच प्रकृति मुचुल्का ।

२. २०७६।०८।०४ गतेका दिन एकजना पुरुषलाई कर्तव्य गरी मारी फालेको अवस्थामा रहेको भन्ने कार्यालयमा खवर हुनासाथ घटनास्थलमा जाँदा लास फेला पारी बुझ्दा मृतकको घर जि. संखुवासभा चैनपुर हुन सक्ने निजको नाम टेकवहादुर राई भन्ने कुरा खुलस्त भएपछि कुटपिट गर्ने व्यक्तिहरु पत्ता लगाउंदै जाँदा मनोज कार्की र विकेश तामाङ्गसंग मृतक टेकवहादुरको २०७६।०८।०३ गते राति झगडा विवाद परेको र सोही विवादको कारण निजहरु समेत भै टेकवहादुर राईको टाउको समेतमा ढुंगा प्रहार गरी कुटपिट गरी जानीजानी मार्ने मनसायले कर्तव्य गरी मारेको हुँदा निजहरुलाई पक्राउ गरी कानून वमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको जाहेरी प्रतिवेदन ।

३. २०७६।०८।०३ गते जिल्ला सुनसर धरान उपमहानगरपालिका वडा नं. ५ पिण्डेश्वरी मन्दिर नजिकै रहेको पोखरीमा माछा मार्नको लागि गएकोमा त्यहां विकेश तामाङ्गसंग भेट भई केही वेर त्यहां वसी दिनको अं। ४ वजे वुढासुव्वा मन्दिरमा पुगी त्यहां एकछिन वसी घर फर्कने क्रममा म र साथी विकेश तामाङ्ग गई रहेकोमा पिण्डेश्वरी मन्दिर छेउको शौचालय पुग्दा निज मृतक त्यही वसी रहेको देखी हामीहरुले के छ टेके दाई भनेर सोध्दा तिमीहरुलाई के मतलव छ भन्दै हातमा लिएको ढुंगाले एक्कासी प्रहार गर्दा मेरो टाउकोमा चोट लागे पछि मलाई एक्कासी तत्कालै रिस उठ्न गई म र विकेश तामाङ्ग समेत भई हामी दुवै जनाले एकएक लात्ति र हातले कुटनुका साथै लात्तिले हान्दा सिमेन्ट गरिएको भुईमा ठोक्किनुको साथै त्यहां रहेको ढुंगा समेतले निजको टाउकोमा प्रहार गरी घाईते भई टाउको तथा नाकवाट समेत रगत वग्न थाली वेहोस भएपछि दुवैजनाले घिसार्दै मन्दिर छेउमा लगी फाली दिई घर तर्फ गयौं । भोलिपल्ट गई हेर्दा मृत अवस्थामा देखेको, निजसंग पूर्व रिसईवी थिएन । तत्कालै उठेको रिस थाम्न नसकी हात हालाहाल तथा ढुंगा समेतले कुटपिट गरेको कारणवाट मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी मनोज कार्कीले प्रहरीमा गरेको कागज ।

४. २०७६।०८।०३ गतेका दिन पिण्डेश्वरी मन्दिर नजिकैको पोखरीमा माछा मार्न गएकोमा पछि मनोज कार्की पनि आए । हामी दुवैजनाले माछा मारेको हेरी घर तर्फ आउंदा पिण्डेश्वरी नजिकैको गेट

## प्रश्न नं. २५

नेर पुग्दा त्यहां टेकवहादुर राई रहेछन । त्यस्तैमा मनोज कार्कीले के छ टेकवहादुर दाई भनी सोध्दा निज टेकवहादुर राईले तिमीहरुलाई के मतलव छ भनी हामीलाई ढुंगाले प्रहार गर्दा मनोज कार्कीको टाउकोमा चोट लागेपछि टेकवहादुर राईलाई मनोज कार्कीले हातले कुटपिट गर्न लाग्दा मेरो घुंडामा टेकवहादुरले टोकी दिएपछि हामी दुवै जना भई निजलाई भुईमा लडाई मैले निजको टाउकोमा लात्तै लात्तले हानी तलको भुई माथि सिमेन्ट प्रहार गरी सख्त घाईते वनाएपछि निजको नाकवाट समेत रगत वग्न थालेपछि हामी दुवै जनाले तान्दै घिसार्दै घटनास्थलमा लगी घोप्टोपारी सुताई दिई हामी दुवै जना आ-आफ्नो घर गई भोलिपल्ट गई हेर्दा टेकवहादुर मृतक अवस्थामा रहेका थिए । निजसंग कुनै पनि रिस ईवि थिएन । तत्काल उठेको रिस थाम्न नसकी म समेतले कुटपिट गर्दा निजको मृत्यु भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी विकेश तामाङ्गले प्रहरीमा गरेको वयान कागज ।

५. मृत्युको कारण Due to entractual and subdural hemorrhage as a result of blunt force on head भन्ने पोष्ट मार्टम रिपोर्ट ।

६. २०७६।०८।०३ गते राती अं. ८ वजे मनोज काकी र विकेश तामाङ्ग समेत भई टेकवहादुर राईसंग कुटपिट तथा झै झगडा गरी रहेका थिए । म आईमाई केटाकेटी, श्रीमान रोगी भएकोले सो रात ढोका थुनी सुत्यौं । २०७६।०८।०४ गते विहान उठी मन्दिरमा घण्टी वजाउने काम गरी रहेको अवस्थामा भक्तजनहरुले मन्दिर नजिकै मान्छे घोप्टो परी लडी रहेको छ भनी भनेपछि हेर्न जाँदा मृत अवस्थामा हेर्दा टेकवहादुर राई हुन भनी चिने । वेलुका मनोज काकी र विकेश तामाङ्गले टेकवहादुर राईलाई कुटपिट गरी कर्तव्य गरी मारेको हुन भन्ने समेत व्यहोराको उमा कार्कीले २०७६।०८।०७ गते प्रहरीमा गरेको घटना विवरण कागज ।

७. २०७६।०८।०३ गते मनोज कार्की र विकेश तामाङ्ग समेतले टेकवहादुर राईसंग झगडा गरेका र भोलिपल्ट घटनास्थलमा टेकवहादुर राई मृत अवस्थामा रहेको हुँदा निजहरुले नै कर्तव्य गरी मारी मन्दिर छेउमा फालेका हुन भन्ने समेत व्यहोराको ओमवहादुर कार्कीले प्रहरीमा गरेको घटना विवरण कागज।

७. लास जाँच प्रकृति मुचुल्का, प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्षको बयना, घटना विवरण कागज गर्ने व्यक्तिहरुको भनाई, जाहेरी तथा शव परीक्षण प्रतिवेदन समेतका आधारमा प्रतिवादीहरुले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७८(१) को कसूर गरेकोले ऐ ऐ को दफा १७८(२) बमोजिम सजाय हुन माग दावी लिएको अभियोग पत्र

८. प्रतिवादीको अदालतमा इन्कारी बयान ।

९. प्रतिवादीको साक्षी तथा जाहेरी प्रतिवेदकको बकपत्र

१०. सुनसरी जिल्ला अदालतको फैसला ।

११. उच्च अदालत विराटनगरमा पेश भएको पुनरावेदनपत्र ।